# सिपाही
पाक्षिक

रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो
जिउँदो रगत सरी यो बल्दो यो शान हाम्रो
हिमाल झैं अटल यो झुकेन यो कहिल्यै
लत्रेन यो कहिल्यै जङ्गी निशान हाम्रो
यो जन्मदै जगत्मा कैयौं प्रहार आए
साम्राज्य दुई हारे हारेन शान हाम्रो
जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो
गाई सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

वर्ष ६ | अङ्क १५ | पृष्ठ ८ | १ चैत २०६७


## प्रधानसेनापतिद्वारा लेवनान र सुडानको डार्फरमा तैनाथ हुन जाने फौजको निरीक्षण

गतमाघ २७ गते प्रधानसेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले लेवनन र सुडानको डार्फरमा तैनाथ हुन जाने शान्ति सैनिकहरुको निरीक्षण गर्नुभएको थियो ।




यसक्रममा प्रधान सेनापति श्री गुरुङ्गले संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापनार्थ युनिफिल मिशन लेवननमा तैनाथ हुन जाने श्री युद्धभैरव गण शान्ति सेना ४९ औं डफ्फा र युनामिड मिशन डार्फरमा तैनाथ हुन जाने श्री सेक्टर रिजर्भ फोर्स कम्पनी तथा श्री स्पेशल फोर्स कम्पनी शान्ति सेना तेस्रो डफ्फाद्वारा पाँचखालस्थित श्री वीरेन्द्र शान्ति तालिम केन्द्रमा संयुक्तरुपमा प्रस्तुत गरिएको प्रि-डिप्लोयमेन्ट तालिमको निरीक्षण गर्नु भएको थियो । उक्त अवसरमा........ बाँकी पृष्ठ ३ मा

रथीवृन्द परिचय

## उपरथी श्री दमन बहादुर घले



उपरथी श्री दमन बहादुर घलेको जन्म वि.सं. २०१२ सालमा तनहुँ जिल्लास्थित ऐतिहासिक घलेगाउँमा भएको हो । उहाँ स्व. गुण बहादुर घले तथा आमा अतिमाया घलेको साहिला सुपुत्र हुनुहुन्छ ।

नेपाली सैनिक प्रतिष्ठानबाट अधिकृत आधारभूत तालिम समाप्त गरी वि.सं. २०३३ मा पैदल फौज, श्री काली बहादुर गणमा सहायक सेनानी दर्जामा नियुक्तिसँगै उहाँको सैनिक सेवा प्रारम्भ भएको हो । उपरथी श्री दमन घलेले त्रिभुवन विश्व विद्यालयबाट अर्थ शास्त्रमा प्रथम श्रेणीमा स्नातक तथा क्यानाडाबाट Staff College Graduate र Armed Forces Staff College(AFSC) Norfolk, USA बाट Joint and Combined Warfare मासमेत Graduate हुनुहुन्छ । साथै उक्त AFSC को ६० औं वर्षगाँठको उपलक्ष्यमा पहिलोपटक स्थापना भएको Hall of Fame मा कलेजको स्थापनाकालदेखिको दशौं हजार ग्राजुयटहरुमध्येबाट उत्कृष्ट २१ जना ग्राजुयटहरु आमन्त्रित भएकोमा यस Sub-Continent बाट उहाँ एकमात्र छनौट हुन सफल हुनु भएको थियो । उहाँले सेनाकै सबैभन्दा उच्चतहको अध्ययन एन.डी.सी. बंगलादेशबाट सफलतापूर्वक सम्पन्न गर्नु भएको छ । यिनका अतिरिक्त उहाँले गर्नु भएको मुख्य तालिमहरुमा स्वदेशमा- अधिकृत आधार तालिम, ट्याकटिक्स एण्ड एडमिनिष्ट्रेसन, ईण्टलिजेन्स, गणपति तालिम तथा विदेशमा- भारतबाट से.मु. हतियार, सेक्युरिटि अफिसर तालिम, जुनियर कमाण्ड र Interviewing Officer Course गर्नु भएको छभने फ्रान्सबाट High Altitude Company Commander's Course, जापानबाट Senior Mission Leadership Course तथा Executive Course in Security and Strategic Studies- Hawaii, USA बाटसमेत पूरा गर्नु भएको छ । उहाँले न्युजिल्याण्डमा सञ्चालन भएको International Military Operations and Law Conference (MILOPS) तथा USA को Californiaस्थित Montereyमा सञ्चालन भएको Executive Program in Decision Making सेमिनारहरुमा सहभागीभई विशेष अनुभव हासिल गर्नुभएको छ ।

सेनानी हुँदा तत्कालीन अनाश्रीत गुल्म ज्वालादलको(हाल गण) गुल्मपति र प्रमुख सेनानीको रुपमा श्री बर्द बहादुर गणको गणपति, आफ्नो लामो सैनिक जीवनको दौरानमा फर्मेशन हे.क्वा. तथा जङ्गी अड्डाको विभिन्न तहमा स्टाफ नियुक्तिभई कार्य गर्ने सिलसिलामा उहाँले महा सेनानीको हैसियतले जङ्गी अड्डामा खाद्य र परिवहन (खा र प) निर्देशनालयको निर्देशकभई विशेष योगदान पुर्‍याउनु भएको छ । सहायक रथीको हैसियतले उहाँले श्री नं. २५ बाहिनीको सफलतापूर्वक कमाण्ड गरिसक्नु भएको छ । यसैगरी मध्य पृतना हे.क्वा.मा चिफ अफ स्टाफको रुपमा कार्य गर्नुका साथै उपरथी दर्जामा पदोन्नति भएपछि श्री सैनिक विनय महानिर्देशनालयको महानिर्देशकको हैसियतले नेपाली सेनामा पहिलोपटक आफ्नै Operations of war का प्रेशीहरु प्रकाशन गर्न तथा तालिमकोस्तर अभिवृद्धि गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ ।

उपरथी श्री घलेले सैनिक उच्च शिखर शिक्षालय, सैनिक शिक्षालय, सैनिक कमाण्ड तथा स्टाफ कलेजमा शिक्षकको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभई सैन्य तालिम केन्द्रको केन्द्रपतिको गहन जिम्मेवारीसमेत सफलतापूर्वक सम्पादन गर्नु भएको छ । हालसम्म उहाँले युनिफिल लेवनानमा Assistant Chief Humanitarian Officer एवं Former Yugoslavia मा United Nations Military Observer को हैसियतमा २ पटक शान्ति स्थापनार्थ आफ्नो योगदान दिइसक्नु भएको छ । लामो सैनिक सेवामा कार्यरत रही विभिन्न तह र नियुक्तिहरुमा प्रशस्त ज्ञान र अनुभव हासिल गर्न सफल उपरथी श्री घलेले गत १६ महिनादेखि पृतनाहरु मध्येकै सबैभन्दा संवेदनशील मानिएको श्री उपत्यका पृतनाका पृतनापतिको जिम्मेवारी सम्हाल्दै आउनु भएको छ ।

उपरथी श्री घले सुप्रवल गोरखा दक्षिणवाहु, प्रख्यात त्रिशक्तिपट्ट तथा अन्य थुप्रै पदकहरुबाट विभुषित हुनुहुन्छ । नयाँ-नयाँ ठाउँमा यात्रा गर्न रुचाउने र शारीरिक तन्दुरुस्तीको निम्ति सचेत उपरथी श्री घले प्रायः सबै खेलहरुमा रुची राख्नु हुन्छ तथापि उहाँको विशेष मन पर्ने खेल भने गल्फ हो । झण्डै ३० वर्षअघि कमला घलेसँग वैवाहिक सम्बन्धमा बाधिनु भएका उपरथी श्री घलेकी श्रीमती कमला घले माध्यमिक विद्यालयको प्रिन्सिपल हुनुहुन्छ भने छोरी, डा. श्रृष्टी घले र छोरा ई.निष्कर्ष बहादुर घलेसहितको सुखी परिवार काठमाण्डौंको कुलेश्वरमा स्थायी बसोबास गर्दै आउनु भएको छ ।

## प्रधान सेनापतिद्वारा निरीक्षण

प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले गत माघ २८ गतेदेखि गत फागुन १ गतेसम्म मध्यपृतना हे.क्वा. अन्तर्गत वीरगञ्जको श्री बरख गण, अमलेखगन्जको श्री प्रतिविद्रोह तथा जंगल वारफेयर शिक्षालय र सुनाचुरीस्थित श्री दुर्गाबक्स गण तथा इमल्सन प्लान्टको




निरीक्षण गर्नुभयो । यसक्रममा प्रधान सेनापति श्री गुरुङ्गले माघ २८ गते श्री बरख गणको २२८ औ वार्षिकोत्सव कार्यक्रममा सहभागी हुनुभई सो गणका सकलदर्जालाई सम्बोधन गर्नुभएको थियो । उहाँ सो गणको कर्णेल कमाण्डाण्ट समेत हुनुहुन्छ ।

गत माघ २९ गते प्रधान सेनापति श्री गुरुङ्गले प्रतिविद्रोह तथा जंगल वारफेर शिक्षालयको निरीक्षण गर्ने क्रममा उहाँले पहिलोपटक विदेशी सैनिक शिक्षार्थीहरुलाई समेत संलग्न गरी सञ्चालन गरिएको जंगल वारफेयर तालिमका शिक्षार्थीहरुलाई सम्बोधन गर्नुभई विदेशी शिक्षार्थीहरुसँग अन्तरक्रियासमेत गर्नुभएको थियो । सो जंगलवारफेयर तालिममा भारत, चीन, पाकिस्तान, बंगालदेश, श्रीलंका र मलेसियाको समेत गरी ८ जना विदेशी सैनिक अधिकृतहरु संलग्न हुनुहुन्छ ।



सोही दिन प्रधान सेनापति श्री गुरुङ्गले सुनाचुरीस्थित श्री इमल्सन प्लान्ट तथा श्री दुर्गाबक्स गणको निरीक्षण गर्नुभई सकलदर्जालाई सम्बोधन गर्नुभएको थियो ।

## गणेशदल गणको अनुकरणीय कार्य

काठमाण्डौंको तोपखाना व्यारेकस्थित श्री गणेशदल गणले विगतमा गणलाई विशेष योगदान दिएका प्रमुख सुवेदारहरुलाई वार्षिकोत्सवको अवसर पारेर सम्मान गर्ने परम्पराको थालनी गरेको छ ।

गत फागुन ५ गते सो गणले १६५ औं वार्षिकोत्सव मनाउने क्रममा मानार्थ उपसेनानी श्री बलबहादुर वस्नेतलाई विषेश कार्यक्रमका साथ दोसल्ला ओढाएर सम्मान पत्र प्रदान गरी सम्मान गरेको छ । उहाँलाई गणका कर्णेल कमाण्डान्ट सैनिक विनय महानिर्देशक उपरथी श्री अनिल जंग थापाले सम्मानित गर्नुभएको हो ।

सम्मानित हुनुभएका वस्नेतले नेपाली सेनाको सिग्नल मिलाप कार्यमा पहिलोपटक साईफर प्रयोगको थालनी गर्नुभएको थियो । वि.सं. २००८ साल साउन ३२ गतेबाट सेवा प्रवेश गर्नुभएका


मानार्थ उपसेनानी श्री बलबहादुर वस्नेत


हुद्दा भोजराज कार्की

श्री वस्नेत गणेशदल गणको तेस्रो प्रमुख सुवेदार हुनुहुन्थ्यो । उहाँ २०३० साल बैशाख १५ गतेदेखि गणमा १० वर्षसम्म प्रमुख सुवेदारको जिम्मेवारीवहन गरी २०४० साल साउन ३२ गते मानार्थ उपसेनानी दर्जाबाट अवकाश हुनु भएको थियो ।

यसैगरी सो गणले वार्षिकोत्सवकै अवसर पारेर विगत द्वन्द्वको समयमा अशक्त हुनुभएका हुद्दा भोजराज कार्कीलाई नगद रु. १,४३,९५० रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ । सो रकम पनि गणका कर्णेल कमाण्डान्ट सैनिक विनय महानिर्देशक उपरथी श्री अनिल जंग थापाले हुद्दा कार्कीलाई हस्तान्तरण गर्नुभएको थियो, श्री सिग्नल निर्देशनालय, श्री सिंग्नल तालिम शिक्षालय तथा गणेशदल गणका ईच्छुक सकलदर्जाबाट सो आर्थिक सहयोग संकलित .........बाँकी पृष्ठ ३ मा

**प्रधान सम्पादक :** प्रा.म.से. किरणबाबु थापा

**प्रबन्ध निर्देशक :** म.से. कुवेर थापा

**सम्पादक :** प्रा. सेनानी केशव बर्तौला

**प्रकाशक :** श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार-प्रसार शाखा, जङ्गी अड्डा,

**फोन :** ०१-४२४१७३१, **E–mail:–** sipahipatrika@gmail.com

***१ चैत २०६७/15th Mar 2011.***

## शाश्वत वाणी

मानिस त्यही काम गर्नको लागि स्वतन्त्र हुन्छ जो गर्नका लागि ऊ योग्य अर्थात उचित छ ।

- टी एच ग्रीन

व्यक्ति तब स्वतन्त्र हुन्छ, जब उसको इच्छा नैतिक कर्तव्यको आदेशबाट निर्धारित

- कान्ट

*सम्पादकीय...*

## तालिम-भविश्यको सुख

*सैनिक संगठनमा आवद्ध हुने हरेक सैनिकको कर्तव्य देश र जनताको रक्षा गर्नु हो । हरेक नागरिकले स्वतन्त्रतापूर्वक स्वाधिन भएर बाँच्न पाउने मौलिक अधिकारको संरक्षण गर्नु हो । राष्ट्रका लागि परिआउँदा जीउज्यान अर्पेर जिम्मेवारी पूरा गर्नु सैनिकको धर्म हो । यो पेशागत धर्म निर्वाहमा अनुशासन, संयमता, धैर्यता, साहस र सैनिक यूद्धकलाजस्ता सीपहरुले महत्वपूर्ण भूमिका खेल्दछ । सेवामा छँदा दिइने विभिन्न तालिमहरुले यही आवश्कता पूर्ति गर्ने विश्वास राखिन्छ ।*

*सैनिकहरुका लागि तालिम अत्यन्त महत्वपूर्ण पक्षको रुपमा रहेको हुन्छ । युद्ध तथा शान्तिकालिन काम कर्तव्यका विषयमा तालिमले वृहत् ज्ञान दिलाउँछ । भविश्यमा आइपर्ने कठिनाइ र चुनौतीहरुलाई सामना गर्न सक्षम बानाउँदछ । पेशागत आत्मभरोसालाई सुदृढ गर्दै परेमा गर्न सक्छु भन्ने आँटको जगेर्ना गर्दछ । विगतका कमिकजोरीबाट सिकेको पाठ सिकाउँदछ । भविष्यका लागि तयारी गराउँदछ । जिम्मेवारीवहन गर्न सक्ने खुबीको विकास गराउँछ । तालिमकै माध्यमबाट कुनै अभ्यस्त व्यक्ति वा गुरुले नै सैनिकलाई एकल वा सामूहिक रुपमा प्रशिक्षण दिएर सक्षम बनाउदछ ।*

*हाम्रो दैनिक जीवनदेखि संस्थागत जीवनमा तालिमको आफ्नै महत्व छ । तालिमले नै व्यक्तिलाई पूर्ण बनाउँछ । व्यक्ति-व्यक्तिको क्षमताका आधारमा संस्थाको क्षमता निर्धारण हुन्छ । त्यसैले सवल, सक्षम र निपूण सैनिकहरु भएमात्र सिङ्गो संस्था बलियो बन्न सक्छ । यही मान्यताअनुरुप अघिल्लो वर्ष नेपाली सेनाले तालिम वर्ष घोषणा गरेको थियो । उक्त तालिम वर्षमा सबै युनिटहरुले तालिम वर्षका मर्मअनुरुप तालिमहरु सञ्चालन गरे । ती तालिमहरु निकै उपलब्धिमूलक भएको ठानियो । तर तालिम वर्षको समग्र उद्देश्यपूर्ति गर्न यो समयावधि छोटो भएको महशुस गरिएकाले यस वर्षलाई पनि तालिम वर्ष २ का रुपमा घोषणा गरी विभिन्न तहमा तालिमहरु सञ्चालन भइरहेका छन् ।*

*सैनिक जीवनमा तालिम सर्वोपरि छ । तालिम नगरि कोही पनि सैनिक हुनै सक्दैन र योग्य सैनिक हुन ऊ तालिममा खरो उत्रनै पर्छ । 'बगाए पसिना तालिममा बग्दैन रगत रणभूमिमा' भन्ने चर्चित भनाई लडाइँ लडेपछिको शाश्वत सत्य अनुभव हुन् । यही सत्यलाई आत्मसात् गर्दै शान्तिकालमा सैनिकले तालिममा आफूलाई समाहित गर्ने पर्दछ तबमात्र युद्धको बेलामा विजय झण्डा फहराउने अधिकार पाइन्छ । तालिम आंशिक वा कहिलेकाही मात्र गरिने बिषय होइन, तालिम नियमित हुनुपर्दछ र यो निरन्तर प्रक्रिया हो भन्ने सत्यलाई स्वीकार्नु पर्दछ ।*

*सैनिक संस्था विजयको लागि स्थापित संस्था हो । यही संस्थागत उद्देश्य परिपूर्ति गर्न तालिम वर्ष २ का रुपमा अहिले विभिन्न तहगत तालिम र वृत्ति विकाससँग सम्बन्धित तालिमहरु सञ्चालन भइरहेका छन् । यही नै शान्तिकालका सैनिकका दैनिकी हुन् । हामी सैनिकहरुले तालिम बर्षको यसै अवसरमा अझ निख्खारिने, अझ तिखारिने अवसर प्राप्त गर्नेछौ । **'तालिमलाई वर्तमानको दुःखसँग जोडेर होईन, भविष्यको सुखसँग जोडेर हेरौं'** सिपाही पाक्षिक यही आग्रह गर्दछ ।*

## विजेश्वरी विद्यालयलाई सफलता

सैनिक श्रीमती संघद्वारा सञ्चालित विजेश्वरी ज्ञानमन्दिर माध्यामिक विद्यालयले उपत्यकाव्यापी हाजिरी जवाफ प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएको छ ।भक्तपुर सल्लाघारीस्थित श्री सैनिक आवासीय महाविद्यालय स्थापनाको रजत महोत्सवको उपलक्ष्यमा यही फागुन ७ गते आयोजना गरिएको उक्त प्रतियोगितामा सो विद्यालयलाई यो सफलता प्राप्त भएको हो । काठमाण्डौ उपत्यकाका उत्कृष्ट १३ वटा विद्यालयले सहभागीता जनाएको सो प्रतियोगितामा विजेश्वरी ज्ञानमन्दिर माध्यामिक विद्यालयले प्रथम स्थान हासिल गरी नगद रु ५हजार, प्रमाणपत्र र ट्रफि प्राप्त गरेको विद्यालयले जनाएको छ ।

## मिडिया ह्याण्डलिङ्ग तालिम शुरु

सैनिक जनसम्पर्क निर्देशनालयद्वारा सञ्चालित सि.सं. १४ अधिकृत मिडिया ह्याण्डलिङ्ग तालिम शुरु भएको छ ।



विभिन्न युनिटका ३३ जना सैनिक अधिकृतहरु सहभागी रहेको सो तालिमको यही फागुन २५ गते सैनिक जनसम्पर्क निर्देशनालयका सह-निर्देशक महासेनानी श्री कुवेर थापाले एक कार्यक्रमकाबीच शुभारम्भ गर्नु भयो ।

सो क्रममा शिक्षार्थी अधिकृतहरुलाई सम्बोधन गर्नुहुँदै महासेनानी श्री थापाले सेना र आमसञ्चारमाध्यम विचको सम्बन्ध सुदृढ गराउन यस किसिमको तालिमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

सार्वजनिक चासो र नागरिकसँगको सम्बन्धित विषयहरु यथेष्ट ज्ञान दिलाउने उद्देश्यले सञ्चालित यो तालिम चैत ५ गतेसम्म सञ्चालन हुनेछ ।

## समरी जनरल सैनिक अदालतको फैसला

आफूभन्दा माथिल्लो तहको अधिकृतको २ वर्षे पदावधि नथप्न राजनैतिक लविङ्ग गर्ने सैनिक अधिकृतहरुलाई कारवाही गरिएको छ ।

नेपाली सेनाका प्राविधिक सहायक रथी किरण बज्राचार्य लगायतका सैनिक अधिकृतहरुले नेपाली सेनाबाट म्याद थपको लागि सिफारिस गरिएका आफूभन्दा माथिल्लो तहका अधिकृतको दुई वर्षे पदावधी नथप्न राजनीतिक लविङ्गमा संलग्न भई सैनिक अनुशासन तथा आचरण विपरितको कसुरसमेत गरेको अभियोगमा निजहरुउपर मुद्धा पुर्पक्ष गर्न उपरथी श्री अनिल जंग थापाको अध्यक्षतामा गठित समरी जनरल सैनिक अदालतले निम्न बमोजिम गर्ने गरी गरेको फैसला सैनिक ऐन २०६३ को दफा १०९ बमोजिम श्री प्रधानसेनापतिबाट यही २०६७ फाल्गुन २६ गते सदर भएको छ ।

सो फैसला अनुसार प्राविधिक सहायक रथी किरण बज्राचार्यलाई सैनिक ऐन, २०६३ को दफा ५२ को खण्ड (छ) बमोजिमको कसुरमा दोषि ठहराई सोही ऐनको दफा १०१ को उपदफा (१) को खण्ड (च) बमोजिम २ (दुई) बर्ष बढुवा रोक्का गरिएको छ ।

यस्तै प्राविधिक प्रमुख सेनानी प्रमेन्द्र किशोर क्षेत्री, प्राविधिक सेनानी गोविन्द मैनाली, प्राविधिक सेनानी किरण श्रेष्ठ र प्राविधिक सेनानी पंकज थापालाई सैनिक ऐन, २०६३ को दफा ५२ को खण्ड (छ) बमोजिमको कसुरमा दोषि ठहराई सोही ऐनको दफा १०१ को उपदफा (१) को खण्ड (च) बमोजिम जनही १ (एक) बर्ष ६ (छ) महिना बढुवा रोक्का गरिएको छ ।

प्राविधिक सेनानी ध्रुव पण्डितलाई सैनिक ऐन, २०६३ को दफा ५२ को खण्ड (छ) बमोजिमको कसुरमा दोषि ठहराई सोही ऐनको दफा १०१ को उपदफा (१) को खण्ड (च) बमोजिम १ (एक) वर्ष बढुवा रोक्का गरिएको छ ।

प्राविधिक सह सेनानी बिदुर चन्द्र श्रेष्ठ, प्राविधिक सह सेनानी राजेश कुमार देव र प्राविधिक सह सेनानी राम सागर यादवलाई सैनिक ऐन, २०६३ को दफा ५२ को खण्ड (छ) बमोजिमको कसुरमा दोषि ठहराई सोही ऐनको दफा १०१ को उपदफा (१) को खण्ड (च) बमोजिम जनही ६ (छ) महिना बढुवा रोक्का गरिएको सैनिक जनसम्पर्क निर्देशनालयद्वारा जारी प्रेश विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो

सैनिक श्रीमती संघले यही फागुन २५ गते १०१ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाएको छ ।

त्रिभुवन आर्मी अफिसर्स क्लबमा आयोजित सो कार्यक्रम सि.एन.एन हिरो २०१० बाट सम्मानित माइती नेपालकी अध्यक्ष श्रीमती अनुराधा कोइरालाको प्रमुख अतिथ्यमा सम्पन्न भएको थियो ।

प्रमुख अतिथि श्रीमती कोइरालाले दीप प्रज्वलन गरी शुभारम्भ गर्नु भएको सो कार्यक्रममा संघकी अध्यक्ष श्रीमती कमला गुरुङ्गले स्वागत मन्तव्य दिनु भएको थियो । सोही अवसरमा संघकी अध्यक्ष श्रीमती गुरुङ्गले प्रमुख अतिथिलाई सैनिक श्रीमती संघको तर्फबाट सम्मानित गर्नुभएको थियो ।

उक्त अवसरमा विशेष अतिथि श्रीमती रवीलक्ष्मी चित्रकारले संघद्वारा गत मंसिर ५ गतेदेखि फागुन ५ गतेसम्म छाउनीमा सञ्चालित सि.सं १३ सिलाई कटाई तालिमका शिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । यस वर्षको अन्तर्राष्ट्रिय नारी दिवसको नारा **"शिक्षा तालिम र विज्ञान प्रविधिमा समान पहुँच महिलाका लागि सम्मानजनक कार्यको मार्ग"** भन्ने रहेको छ ।

# प्रधान सेनापतिद्वारा....

प्रधान सेनापति महारथी श्री गुरुङ्गले नेपाली सेनाका परमाधिपति सम्माननीय राष्ट्रपति डा. श्री रामवरण यादवले शान्ति सैनिकहरुलाई दिनुभएको शुभकामना सन्देश पढेर सुनाउनु भएको थियो । सम्माननीय राष्ट्रपति डा. श्री रामवरण यादवले दिनुभएको शुभकामना सन्देशमा नेपाल सरकारको परराष्ट्र नीतिलाई व्यवहारिकरुपमा प्रभावकारी बनाई नेपाल र नेपालीको मान सम्मान र छवि विश्व समुदाय एवं विश्व परिवेशमा बढाउन नेपाली सेनाबाट आजसम्म भएको योगदानप्रति सबै नेपालीहरुले गौरव गरेको कुरा उल्लेख छ, साथै गत वर्ष हाईटीमा गएको विनाशकारी भुकम्पको समयमा नेपाली सेनाले देखाएको उद्धार कार्यले नेपाल र नेपाली सेनाको इज्जत बढाएको कुरा राष्ट्रपतिको सन्देशमा उल्लेख गरिएको छ ।

सोही अवसरमा प्रधानसेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले पनि शान्ति सैनिकहरुलाई सम्बोधन गर्नु भएको थियो । सो सम्बोधनका क्रममा प्रधान सेनापतिले निस्वार्थ भावनाकासाथ अनुशासित भई ज्यानको समेत पर्वाह नगरी संयुक्त राष्ट्रसंघ, नेपाल र नेपालीहरुको नाम उच्च राख्ने कार्य गर्न शान्ति सैनिकहरुलाई निर्देशन दिनु भएको छ । प्रधान सेनापति श्री गुरुङ्गले आफ्नो सम्बोधनमा सकल शान्ति सैनिकलाई नेपाल र नेपाली सेनाको नाम उच्च राख्न निर्देशन दिनुहुँदै अनुशासनहीन काम गर्नेहरुलाई कडाईकासाथ कारवाही गरिने कुरा बताउनुभयो । सोही अवसरमा उहाँले आज विश्वमा बढ्दै गइरहेको विभिन्न किसिमका डरलाग्दा संक्रामक रोगहरुकबाट बच्न समेत सचेत गराउनु भएको थियो ।

उक्त अवसरमा रक्षा सचिव श्री नविन घिमिरे, बलाध्यक्ष रथी श्री तोरण जंग बहादुर सिंह, सै.वि.म.नि उपरथी श्री अनिल जंग थापालगायत अन्य रथीवृन्दहरु तथा अधिकृतहरुको उपस्थिति रहेको थियो ।

# गणेशदल गणको ......

गरिएको निमित्त सिंग्नल निर्देशक महासेनानी श्री नवजीव शम्सेर जबराले जानकारी दिनु भएको छ । सो आर्थिक सहयोग प्राप्त गर्ने हुद्दा कार्की श्री गणेशदल गणमा कार्यरत रही फुलचोकी रिपिटर स्टेशनमा डिउटीको समयमा वि.सं २०६२ साल जेठ २४ गते माइनफिल्डमा परि घाइते हुनुभएको थियो । बार्षिकोत्सवकोअवसरमा श्री सिग्नल निर्देशनालयका निमित्त निर्देशक महासेनानी श्री नवजीव शम्सेर जबराले बढुवा हुनुभएका पदिक तथा अन्यदर्जालाई दर्ज्यानी चिन्ह प्रदान गर्नुका साथै चिठ्ठा कार्यक्रमका विजेताहरुलाई पुरस्कारसमेत वितरण गर्नुभएको थियो । सोहीक्रममा श्री गणेशदल गणका गणपति प्रमुख सेनानी श्री जोन्सन खड्काले विभिन्न खेलका विजयी खेलाडिहरुलाई पुरस्कार वितरण गर्नुभएको थियो । सोही क्रममा श्री गणेशदल गणमा वर्षभरीमा उत्कृष्ट कार्य गर्न सफल प्युठ याम बहादुर राना सर्वोत्कृष्ट जवान घोषित हुनुभएको छ ।

वार्षिकोत्सव मनाउनेक्रममा गणेशदल गणले सो सम्मान तथा आर्थिक सहयोग हस्तान्तरण, दज्यानी चिन्ह प्रदान तथा पुरस्कार वितरण कार्यक्रमपछि गत फागुन ५ गते नै सिग्नलका रथीवृन्द, महासेनानी, सिग्नल अधिकृत, सेवानिवृत्त प्रमुख सुवेदार लगायत सकलदर्जाको उपस्थितिमा बडाभोजको आयोजना गरेको थियो ।

# शान्ति सैनिकहरूको अदलीबदली

संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापनार्थ लेवनान र सुडानमा तैनाथ हुन जाने फौजहरुको अदलीबदली भएको छ ।

लेवनानमा तैनाथ रहेको श्री महावीर गण (रेन्जर) शा.से ४८ औं डफ्फालाई श्री युद्ध भैरव गण शा.से. ४९ औं डफ्फाले बदली गरेको छ । बदली गर्न गएको युद्धभैरव गणको पहिलो र दोस्रो टोलीलाई गत फागुन १० गते गौचर व्यारेकमा सैनिक विनय महानिर्देशक उपरथी श्री अनिल जंग थापाले एक कार्यक्रमका वीच विदाई गर्नुभयो भने सो गणको तेस्रो र चौथो टोलीलाई यही फागुन १६ गते संभाररथी उपरथी श्री रामबहादुर गुरुङ्गले गौचर व्यारेकमा विदाई गर्नु भएको थियो । यसैगरी सोही मिशनमा खट्टिई स्वदेश फिर्ता भएको महावीर गण (रेञ्जर) पहिलो र दोस्रो टोलीलाई जंगी अड्डास्थित त्रिभुवन आर्मी अफिसर्स क्वल परिसरमा गत फागुन १५ गते बलाधिकृत रथी श्री पवन जंग थापाले स्वागत तथा नगद पुरस्कार प्रदान गर्नु भयोभने तेस्रो र चौथो टोलीलाई गत फागुन २५ गते व्यवस्था तथा युद्ध कार्य महानिर्देशक उपरथी श्री गौरव शम्सेर ज.ब.रा. ले स्वागत तथा नगद पुरस्कार प्रदान गर्नुभयो ।

यसैगरी संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापनार्थ सुडानको डार्फरमा तैनाथ रहेको श्री सेक्टर रिजर्भ कम्पनी शा.से. दोस्रो डफ्फालाई श्री सेक्टर रिजर्भ कम्पनी शा.से. तेस्रो डफ्फाले र श्री स्पेशल फोर्स कम्पनी शा.से. दोस्रों डफ्फालाई स्पेशल फोर्स कम्पनी शा.से. तेस्रों डफ्फाले बदली गरेको छ ।

सुडानमा तैनाथ हुन गएको यी दुबै टोलीलाई गत फागुन १३ गते प्रबन्धरथी उपरथी श्री डम्बर सिंह गुरूङ्गले जङ्गी अड्डास्थित खेल मैदानमा एक कार्यक्रमकाबीच विदाई गर्नुभएको थियोभने सोही मिशनमा खटिई स्वदेश फिर्ता भएको शान्ति सैनिक टोलीहरुलाई गत फागुन २५ गते कार्यरथी उपरथी श्री नेपाल भुषण चन्दले त्रिभुवन आर्मी अफिसर्स क्लवमा स्वागत गर्नुभई नगद पुरस्कार वितरण गर्नुभएको थियो ।

# सामूहिक तालिम तथा गणको निरीक्षण

पश्चिम पृतना हे.क्वा.का चिफ अफ स्टाफ सहायक रथी श्री विकाश विक्रम शाहले गत माघ २५ गते अर्घाखाँचीको सन्धिखर्कस्थित श्री चन्दननाथ गणको निरीक्षण गर्नुभएको छ ।

निरीक्षणका क्रममा उहाँले माघ २६ गते निशान भगवतीको पूजा अर्चना गर्नुको साथै उक्त गणद्वारा सञ्चालित पहिलो चरणको सामूहिक तालिमको निरीक्षणसमेत गर्नुभएको थियो । निरीक्षणको क्रममा सामुहिक तालिमको प्रतिवेदन, पेरिमिटर डिफेन्स, हतियार ह्याण्डिलिङ्ग, फायर कन्ट्रोल अर्डर, र घाइते उद्धार आदि विविध विषयको परीक्षा लिनुको साथै गणले तयार गरेको से.मु. व्याटल ड्रिलको डेमोस्ट्रेशन समेत अवलोकन गर्नुभएको थियो । तालिम निरीक्षणको क्रममा उहाँले सकलदर्जालाई सम्वोधन गर्नुहुँदै गणपति, गुल्मपति र अभ्यासमा सहभागी सकलदर्जालाई सामुहिक तालिमको महत्वको बारेमा प्रकाश पार्नुभएको थियो । उक्त पहिलो चरणको तालिममा तालिम गुल्म १९८ जना र बन्दोवस्ती टोली १७ गरी २०६ जना सहभागी रहेको थिए । यसैगरी यसअघि गत माघ १३ र १४ गते श्री निरीक्षणाधिकृत विभाग, जंगी अड्डाबाट महासेनानी श्री केशवबहादुर खत्रीको नेतृत्वमा गएको १० जनाको टोलिले पनि गणको विविध पक्षको निरीक्षण गरेको थियो । निरीक्षणका क्रममा उक्त टोलीले अप्रेशनल तयारी, बासस्थान, भान्छा, तालिम, मेडिकल सिग्नल, कोत बंकर तथा स्टोर्स, घर जग्गा, गणको कल्याणकारी कार्य, दैनिक कार्य सञ्चालन प्रकृया, मोराल, अनुशासन र कार्यालय व्यवस्थापन सम्बन्धी र उक्त गण परिसरको बार्षिक निरीक्षणसमेत गरेको गणले जनाएको छ ।

**_नेपाली सैनिक रेडियो कार्यक्रम_ रेडियो नेपालको केन्द्रीय प्रशारणमार्फत नेपाल अधिराज्यभर र काठमाडौं उपत्यकामा एफ. एम. १०० मेगाहर्जमा प्रत्येक आइतबार राति ८:१५ देखि ८:४५ बजे _तथा मेरो एफ. एम. ९३.५ मेघाहर्जमा हरेक हप्ताको सोमबार राति ८ बजेबाट ८:३० बजेसम्म काठमाण्डौं लगायत आसपासका जिल्लाहरुमा_ र दोलखाको रेडियो सैलुङ्ग सामुदायिक एफ.एम. १०४ मेघाहर्जमा मंगलबार विहान ८:१० देखि ८:४० बजेसम्म _सुन्न सक्नु हुनेछ रयदि तपाइँ इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने_ www.nepalarmy.mil.np _मा लगअन गरेर पनि यो कार्यक्रम आफूले चाहेको समयमा संसारको जुनसुकै भागमा बसेर सुन्न सक्नुहुनेछ ।_**

## चैत्र १-१५,२०६७ तपाईंको राशिले के भन्छ :

मू.प.सु. शिवशंकर न्यौपाने
ज्योतिषाचार्य



**पाक्षिक चाडपर्वका दिन**
**२ गते वुधवार एकादशी, ५ गते शनिवार, फागु पूर्णिमा, ६ गते आइतवार तराई होली**

***मेषः-(चु,चे,चो,ला,ली,लू,ले,लो,अ)*** तपाईंकोलागि सामान्य समय छ । स्वास्थ्य विग्रन सक्छ, यात्रा एवं मनोरञ्जन प्राप्त हुनेछ, अनावश्यक कामको झमेला,अभाव दरिद्रता, स्त्रीजातिको लागि लाभदायक देखिन्छ ।

***वृषः-(इ,उ,ए,ओ,वा,वी,वु,वे,वो)*** प्रभावकारी समय छ । आर्थिक लाभको अवसर, सन्तान लाभ, पारिवारिक सहयोग, मानप्रतिष्ठा प्राप्ति, इज्जत वृद्धि, धार्मिक कार्यतिर अरुचि, जागिरमा उत्तम छ ।

***मिथुनः-(का,की,कु,घ,ङ,छ,के,को,हा)*** फलदायी समय छ । नयाँ कामको लागि संलग्न हुने, सुख सन्तोष मिल्ने, प्रतिष्ठा वृद्धि, यात्रा एवं आर्थिक लाभ, पारिवारिक झमेला, मानसिक तनाव हुने छ ।

***कर्कट-(ही,हू,हे,हो,डा,डी,डू,डे,डो)*** तपाईंकोलागि समय राम्रो छ, सन्तान प्राप्ति, पारिवारिक सहयोग, धन खर्च, धार्मिक कामको चिन्ता, जिम्मेवारी बढ्ने, शुभ समाचार मिल्ने छ ।

***सिंह -मा,मी,मु,मे,मो,टा,टी,टु,टे)*** मध्यम समय छ । सावधानी अपनाउनु पर्ने, शरीरमा चोटपटक, घाउ हुने, सामाजिक चिन्ता, मानसिक चंचलता, यात्रा र खर्च बढ्ने देखिन्छ ।

***कन्या -टो,प,पी,पु,ष,ण,ठ,पे,पो)*** सामान्य समय छ । वौद्धिक काम हुने, पारिवारिक बेमेल, टन्टा आइलाग्ने, सन्तोष नहुने, स्वास्थ्यमा खराबी, पवित्र ठाउँको भ्रमण र भेटघाट होला ।

***तुला :-र,री,रु,रे,रो,ता,ती,तू,ते)*** सन्तोषजनक समय छ । शत्रु पराजित, शरीरमा स्फूर्ति बढ्ने, आम्दानीको मार्ग पैल्याउने, वौद्धिक काम बन्ने, शरीरमा रोग, चोट लाग्न सक्छ ।

***वृश्चिक-तो,ना,नी,न,ने,नो,या,यी,यु)*** ठीकैको समय छ । शुरुमा बढीनै तनाव होला, परिवारमा बेमेल, घरपरिवारबाट टाढा, धनद्रव्य खर्च, विरोधी सक्रिय, सजग हुनुपर्ने समय छ ।

***धनुः-(ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)*** धन खर्च, पारिवारिक चिन्ता, स्वास्थ्यमा अवरोध, विलासि सामानमा व्यय, मन चंचल, मान्यजनबाट उचित सल्लाह, वौद्धिक काम राम्रो छ ।

***मकरः-(भो,जा,जी,खी,खु,खे,खो,गा,गी)*** सुखभोगको समय, मनोरञ्जनतिर चासो बढ्ने, उपहार मिल्ने, औषधी सम्बन्धी कामबाट लाभ मिल्ने, सन्तान प्राप्तिको योग, शाहसले काम बन्ने छ ।

***कुम्भः-(गु,गेगो,सा,सी,सु,से,सो,दा)*** खर्च बढ्ने, परिवारमा सामान्य मेल, स्वास्थ्य चिन्ता, मान सम्मान, धेरै बोल्नु पर्ने, जागिरमा राम्रो, शुभ समाचार र मांगालिक काम हुनेछ ।

***मीन :-(दि, दु थ, झ, ञ, दे दे चा, ची)*** सामान्य समय, वुद्धिले काम लिने, धेरै बोल्नु पर्ने, खर्च राम्रो, मानसिक चिन्ता, यात्राको योग, मन एकहोरो बन्ने, धैर्य र देव पूजा गरे राम्रो हुन्छ ।



**सेना दिवस २०६७ को उपलक्ष्यमा मार्चपास गर्दै श्री शार्दुलजङ्ग गुल्म**

# प्र.से श्री आश बहादुर तमाङ्गलाई विद्यावारिधी



नेपाली सेनामा कार्यरत प्रमुख सेनानी श्री आश बहादुर तामाङ्गले त्रिभुवन विश्वविद्यालयबाट मानविकी संकायअन्तर्गत राजनैतिक शास्त्रमा विद्यावारिधी हाँसिल गर्नुभएको छ ।

**"सयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्यमा सन् १९५८ देखि २००९ सम्म नेपाली सेनाको भूमिका"** शीर्षकमा सोध अनुसन्धान गर्नुभएकोले त्रिभूवन विश्वविद्यालयले उहाँलाई विद्यावारिधी(पी.एच्.डी) को उपाधी प्रदान गरेको हो । उहाँले राजनीति शास्त्रमा स्नातकोत्तर गर्नु भएको छ भने कानूनमा समेत स्नातक हुनुहुन्छ । लम्जुङ्ग जिल्लाको परेवाडाँडा वार्ड नं. ८ मा ३ फब्रुवरी सन् १९६८ मा जन्मनु भएका प्र.से. श्री तमाङ्गले लम्जुङ्गकै श्री शान्ति सेकेण्डरी स्कूलबाट २०४१ सालमा प्रथम श्रेणीमा एस.एल.सी. पास गर्नु भएको थियो ।

२२ वर्षअघि नेपाली सेनामा अधिकृत क्याडेटको रुपमा सेवा प्रवेश गर्नुभएका श्री तमाङ्ग विभिन्न पदीय संरचनामा रहेर उत्कृष्ट कार्य सम्पादन गर्नुकासाथै अन्तर्राष्ट्रिय शान्ति स्थापनामा शान्ति सैनिकको हैसियतले पूर्वी युगोस्लाभियामा छ महिना र सैनिक पर्यवेक्षकको हैसियतले अफ्रिकी राष्ट्र कङ्गोमा एक वर्ष उत्कृष्ट सेवा पुर्‍याइ सक्नु भएको छ । विभिन्न सैनिक तालिममा अब्बल रहेका प्र.से.श्री तमाङ्ग गीत संगीतमा पनि त्यतिकै रुचि राख्नु हुन्छ, यसक्रममा उहाँले चौकी भन्सार, धन एल्वम, भी.सी.डी. र दुई दर्जनभन्दा बढि लोक, आधुनिक तथा पप गीतहरु सृजना गरि सक्नुभएको छ ।

# पदिक/बिल्लादार आर्मी रेगुलर फस्टक्लास तालिम सम्पन्न

छाउनीस्थित श्री सैनिक शिक्षण पक्षमा सञ्चालन भएको सिं स. ७९ पदिक तथा बिल्लादार आर्मी रेगुलर फस्टक्लास (शिक्षा) तालिम समापन भएको छ ।

सो तालिमको गत माघ १० गते सैनिक शिक्षा निर्देशनालयका निर्देशक सहायक रथी श्री धिर बहादुर गुरुङ्गले एक कार्यक्रमकाबीच समापन गर्नुभएको हो । उक्त तालिममा विभिन्न युनिटबाट सहभागी हुनु भएका १९९ जना शिक्षार्थीहरुलाई सहायक रथी श्री गुरुङ्गले प्रमाणपत्र प्रदान गर्नु भयो । सो तालिममा श्री काली प/साद गणका हुद्दा गौ बहादुर गुरुङ्ग प्रथम हुनुभएको छ, प्रथम हुनुहुने हुद्दा गौ बहादुर गुरुङ्गलाई तालिम समपानका क्रममा सहायक रथी श्री गुरुङ्गले शिल्ड तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।



सोही कार्यक्रममा वर्षभरीको उत्कृष्ट शिक्षक ग्याजिटेड शिक्षक श्री गणेशदत्त मिश्रलाई पनि पुरस्कृत गरिएको छ । उहाँलाई नगद रु. ३ हजारसहित मोमेन्टो प्रदान गरिएको शिक्षण पक्षले जनाएको छ । सैनिक शिक्षण पक्षले नेपाली सेनाका सकलदर्जाको शैक्षिकस्तर अभिवृद्धि गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

# बर्दबहादुर गणको सामाजिक कार्य

दोलखामा तैनाथ रहेको श्री बर्दबहादुर गणले स्थानीयस्तरमा विभिन्न सामाजिक कार्यहरु गरेको छ ।

यसक्रममा सो गणले विभिन्न मितिमा दोलखा जिल्लाको ध्याङ्गसुकाठोकर गाविस- ९ स्थित कालिका प्रा. वि. र नुनथला प्रा.वि., जफे गाविसस्थित कालापानी मा.वि. र श्यामा गाविसस्थित गर्जाङ्गढुङ्गा उच्च माध्यमिक विद्यालयलाई खेलकुदका सामग्री खरिद गर्नको लागि नगद सहयोग गरेको छ । गणको आन्तरिक स्रोतबाट उपलब्ध गराईएको सो सहयोग रकम गणपति प्रमुख सेनानी श्री यामप्रसाद सापकोटाले विद्यालय प्रशासनलाई हस्तान्तरण गर्नु भएको थियो ।

गत फागुन १६ गते दोलखामा सञ्चालन भएको आङ्ग खस्ने शल्यक्रिया शिविरमा भर्ना भएकी एक महिलालाई वर्दबहादुर गणका २ सैनिक जवानहरुले रक्तदान गरेका छन् । रेडक्रस शाखा दोलखाले विरामीका लागि रगत उपलब्ध गराई दिन गणलाई गरेको अनुरोधअनुसार सो गणका प्युठ योग्यराज श्रेष्ठ र सिपाही सुरेश चन्दले १/१ पोईन्ट रगत उपलब्ध गराएका थिए ।




यसैगरी गत फागुन २० गते सो गणबाट गएको एक टोलीले चरिकोट बजार सरसफाई गरेको छ । दोलखा उद्योग बाणिज्य संघको १८ औं वार्षिक साधारण सभाको अवसरमा आयोजना गरिएको सो सरसफाई कार्यक्रममा जिल्लास्थित सरकारी कार्यालयका प्रमुख, स्थानिय बासिन्दा, नेपाल प्रहरी तथा उद्योग बाणिज्य संघका पदाधिकारीहरु सहभागी थिए ।

यसअघि पनि सो गणले भिमेश्वर नगरपालिकास्थित पानीपोखरीदेखि लेकटोल ईलाकासम्म १ किलो मिटर मोर्टर बाटो मर्मत गर्नुका साथै सुष्पाक्षमावती गाविसमा पर्ने हिलेगौडा कागते मुहानदेखि हिलेखोला भन्ज्याङ्ग मुहानसम्म करिब १६० मिटर खानेपानीको पाईप समेत जडान गर्ने कार्यमा सहयोग गरेको थियो ।

# मानव अधिकार सम्बन्धी तालिम

**पूर्वी पृतना हे.क्वा.**



श्री मानव अधिकार निर्देशनालयले गत फागुन १ गतेबाट ६ गतेसम्म पूर्वी पृतना हे.क्वा.मा मानव अधिकार र सशस्त्र द्वन्द्वको कानून सम्बन्धी तालिम सञ्चालन गरेकोछ

पूर्वी पृतनाका निमित्त पृतनापति सहायक रथी श्री बिजेन्द्र गौतमले गत फागुन ६ गते सो तालिम समापन गर्नुभई शिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्नु भयो । यसअघि सहायक रथी श्री प्रदिप बहादुर सिंहले सो तालिम शुभारम्भ गर्नुभएको थियो ।

**नं. २१ वाहिनी अड्डा**

झापामा तैनाथ रहेको श्री नं. २१ बहिनी अड्डामा पनि मानव अधिकार तथा सशस्त्र द्वन्द्वको कानून सम्बन्धी तालिम सञ्चालन भएको थियो ।

गत माघ २३ गतेबाट सञ्चालन भएको सो तालिमको श्री मानव अधिकार निर्देशनालयका निर्देशक प्राड सहायक रथी श्री निरेन्द्र प्रसाद अर्यालले प्रथम प्रवचन दिनुभएको थियो । सो अवसरमा उहाँले तालिमका शिक्षार्थीहरुलाई सम्बोधन गर्नुहुदै मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनका क्षेत्रमा नेपाली सेनाले गरेको प्रयास र चुनौतीहरुको बारे प्रकाश पार्नु भएको थियो ।



तालिम शुभारम्भका क्रममा श्री नं. २१ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी श्री राज राणाले स्वागत मन्तव्य दिनु भएको थियो ।

६ दिनसम्म सञ्चालन भएको सो तालिमको गत माघ २८ गते श्री नं. २१ बाहिनी अड्डाका निमित्त बाहिनीपति महासेनानी श्री निरञ्जन कार्कीले समापन गर्नु भएको थियो । यस प्रकारको तालिम नं. २१ बाहिनीमा पहिलोपटक सञ्चालन भएको बाहिनीले जनाएको छ ।

# नं ३ बाहिनी तालिम सेमिनार सम्पन्न

श्री नं.३ बाहिनी अड्डामा गत फागुन ४ गतेबाट सञ्चालन भएको "बाहिनी तालिम सेमिनार २०६७ " गत फागुन ६ गते सम्पन्न भएको छ ।

सेमिनारको उद्घाटन अवसरमा उक्त बाहिनी अड्डाका निमित्त बाहिनीपति म.से. श्री खड्ग बहादुर मल्लले सम्वोधन गर्नुभएको थियो उहाँले सम्वोधनको क्रममा सेनामा तालिम एक अभिन्न



अंग रहेको र आफ्नो जिम्मेवारी प्रभावकारी ढंगले पूरा गर्न तालिम अपरिहार्य रहेको हुँदा तालिमलाई समयानुकुल परिमार्जित गर्दै उत्कृष्ट ढंगबाट तालिम सञ्चालन गर्न अन्तर्गतका गण गुल्महरुलाई निर्देशन दिनु भयो । करिब ३ दिनसम्म संचालन भएको उक्त सेमिनारमा नं.३ बाहिनी अड्डाका स्टाफ अधिकृतहरु, बाहिनी अड्डा अन्तरगत रहेका श्री नयाू गोरख गण, श्री भैरवीदल गण, श्री रणबम गण, श्री केबलजंग गुल्म, श्री रामबाण गुल्म, श्री वीरभद्रजंग गुल्म, श्री नं.३ फि.ए.गुल्म र श्री नं.३ सिग्नल गुल्मका जेष्ठ सेनानी तथा सहायक गुल्मपतिहरुको सहभागिता रहेको थियो ।

उक्त सेमिनारमा पर्यवेक्षेकको रुपमा श्री नं.३ राजदल गण र श्री पश्चिम पृतना तालिम शिक्षालयका प्रतिनिधि अधिकृतहरुलाई पनि सहभागी गराइएको थियो । उक्त सेमिनारमा गण तथा गुल्महरुले तालिमका विविध पक्षहरुबारे आफ्नो प्रस्तुतीकरण तथा राय सुझाबहरु प्रस्तुत गरेका थिए ।

# शव उद्धार कार्य देवीदत्त गण

रोल्पाको लिवाङ्ग गाविस ७ धारापानी इलाकाको ढुङ्गा खानी आएको पहिरोमा परी मृत्यु भएका रणबहादुर कुँवरको शव देवीदत्त गणले निकालेको छ ।

गत माघ ८ गते भएको उक्त घटनामा देवीदत्त गणबाट गएको टोलीले पुरिएको अवस्थामा शव निकालेको थियो ।



# महाशिवरात्री तथा सेना दिवसको उपलक्ष्यमा विविध कार्यक्रम सम्पन्न

**मध्यपृतना हे.क्वा. :**

गत फागुन १८ गते श्री मध्य पृतना हे. क्वा हाताभित्र रहेका श्री देवीदल गण, गौरीबक्स गुल्म तथा नं.७ फि.ए गुल्मले संयुक्तरुपमा विभिन्न कार्यक्रमको आयोजना गरी सेना दिवस मनाएका छन् । यसक्रममा ब्यारेक घरहरुमा दिपावली गरी फुटवल खेल, भलिवल खेल, तानडोरी, १०० मिटर दौड, बिङ्गो खेल, दोहरी प्रतियोगीता तथा बडाखानाको समेत व्यवस्था गरिएको मध्य पृतना हे.क्वा. ले जनाएको छ ।

**वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र :**

महाशिवरात्री तथा सेना दिवसको अवसर पारेर पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम



केन्द्रले गत फागुन १७ गते वृहत् रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । उक्त रक्तदान कार्यक्रममा केन्द्रपतिसहित सकलदर्जाले रक्तदान गरेका थिए ।

यसैगरी गत फागुन १८ गते सो केन्द्रले एक कार्यक्रमको आयोजना गरी वीर शहीदहरुप्रति श्रद्धाञ्जली अर्पण गरेको थियो ।

**नं. ७ वाहिनी अड्डाः**

सेना दिवसको अवसरमा नं. ७ बाहिनी अड्डाले वर्षभरि उत्कृष्ट कार्य गर्ने अम देवबहादुर थापा मगरलाई नगद पुरस्कार सहित कदर पत्रले सम्मान गरेको छ ।



नं. ७ वाहिनी अड्डाः

सेना दिवसकै अवसरमा सो बाहिनीले हाताभित्रका युनिटहरुबीच विभिन्न प्रतिष्पर्धात्मक खेलकुद प्रतियोगिता आयोजना गरी विजयी टिम तथा खेलाडीहरुलाई वाहिनीपतिबाट प्रमाण पत्र तथा कदर पत्र प्रदान गरिएको छ ।

सेना दिवसको अवसरमा वाहिनी अड्डाले विगत द्वन्द्वको समयमा वीरगति प्राप्त गरेका हुद्दा रुन्द्रबहादुर कार्कीको परिवारलाई नगद तथा उपहार प्रदान गरेको छ । यसअघि वाहिनीपति लगायत वाहिनी परिवारबाट निर्माण गरिएको वीरस्मारकमा सकलदर्जाले माल्यापर्ण गरी वीरगति प्राप्त सहकर्मीहरुप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए ।

सेना दिवसकै अवसर पारेर सो वाहिनीले मकवानपुर जिल्ला चित्लाङ्ग गाविस-७ निवासी फच्चीे गमाललाई रु ५ हजारसहित १०० किलो चामल सहयोग गरेको छ । निज गमालको घर माघ महिनामा आगलागी भएको कारण बाहिनीको आफ्नै स्रोत र साधनबाट उक्त राहत सामग्री उपलब्ध गराइएको बाहिनीले जनाएको छ ।

**श्री नयाँ श्रीनाथ गण :**

सेना दिवसको अवसरमा नयाँ श्रीनाथ गणले वीरगति प्राप्त गरेका सकलदर्जाको परिवारलाई सम्मानसहित उपहार प्रदान गरेको छ ।



श्री नयाँ श्रीनाथ गण

सेना दिवसकै अवसरमा सो गणका सकलदर्जाले सिरहा जिल्ला मिर्चैयास्थित पार्क, चोक तथा आसपासको सार्वजनिक इलाकाहरु सरसफाई गरेका छन् । सेना दिवस मनाउने क्रममा सो गणले व्याडमिन्टन खेलको आयोजना गरी विजयी खेलाडीहरुलगायत विभिन्न कार्यमा उत्कृष्ट योगदान पुऱ्याउने सकलदर्जालाईसमेत पुरस्कृत गरेको थियो ।

यसैगरी सोही दिन गण हे.क्वा. मा रहेको वीरस्मारकमा एक कार्यक्रमको आयोजना गरी वीरगतिप्राप्त वीरसपूतहरुप्रति सलामी अर्पण गरी गणपति प्रमुख सेनानी श्री नकुल बहादुर रायमाझी लगायत सकलदर्जाले श्रद्धाञ्जली अर्पण गरेको सो गणले जनाएको छ ।

**गोरखनाथ गणः**



गोरखनाथ गण

गोरखनाथ गणमा नवनिर्मित क्वाटर गार्ड भवनको सेना दिवसको अवसर पारेर गत फागुन २३ गते उपत्यका पृतनापति उपरथी श्री दमनबहादुर घलेले उद्घाटन गर्नुभएको छ ।

यसअघि सो भवनको गणपति प्रमुख सेनानी श्री दिनेश कुमार के.सी.ले गतसाल चैत १९ गते शिलान्यास गरी निर्माण शुरु गरिएको सो गणले जनाएको छ ।

**बटुकदल गणः**

बटुकदल गणमा सञ्चालित सि.सं. १ तेक्वान्दो तालिमका शिक्षार्थीहरुले सेना दिवसको अवसरमा विभिन्न कला प्रस्तुत गरेका छन् ।



तालिम वर्षलाई लक्षित गरी जिल्ला खेलकुद समितिसँग समन्वय गरी गणको आन्तरिक स्रोत साधनबाट सञ्चालन गरिएको उक्त तालिमको गत फागुन १८ गते नै समापन भएको छ । पूर्वी पृतना हे.क्वा. का निमित्त पृतनापति सहायक रथी श्री विजेन्द्र गौतमले सो अवसरमा शिक्षार्थीहरुलाई नेपाल तेक्वान्दो एसोसियसनबाट प्राप्त प्रमाण पत्र वितरण गर्नुभएको थियो ।

यसैगरी सेना दिवसको अवसर पारेर बटुकदल गण तथा अन्तर्गतका पोष्टहरुले विभिन्न सामाजिक कार्यहरु गरेका छन् । यसक्रममा गण हे.क्वा.ले इटहरी नगरपालिकास्थित राधाकृष्ण मन्दिर सरफाई गरेको थियोभने दुहवी सुरक्षा पोष्ट, कप्तनागन्ज पोष्ट, र सामूहिक तालिम टोलीलेसमेत आ-आफ्नो क्षेत्रका स्थानीय मठमन्दिर लगायत सार्वजनिक स्थलहरु सरसफाई गरेको बटुकदल गणले जनाएको छ ।

**गोरखदल गणः**



महाशिवरात्री तथा सेना दिवसको अवसर पारेर श्री गोरखदल गणले वीरगति प्राप्त रामनारायण चौधरीकी श्रीमती कैलाशी थारुलाई उपहारसहित दोसल्ला ओढाई सम्मान गरेको छ ।

यस्तै सो गणले बर्दिया जिल्ला गुलरिया नगरपालिका वडा नं. ७ तुलापुरस्थित कोटही माध्यमिक विद्यालयका छात्र/छात्राहरुको लागि भलिवल, फुटवल, भलिबल जाली, स्किपिङ्ग रोप, चेस तथा अन्य खेलकुदका सामाग्रीहरुसमेत प्रदान गरेको छ । सेना दिवसकै अवसरमा सो गणले जिल्ला भलिवल संघ बर्दिया तथा गणबीच मैत्रीपुर्ण भलिवल प्रतियोगिता र जिल्लास्थित पत्रकार तथा गणबीच मैत्रीपूर्ण व्याटमिण्टन खेल आयोजना गरेको थियो । यसक्रममा जिल्ला भलिबल संघका उत्कृष्ट खेलाडी चेतन चौधरीलाई गणको तर्फबाट उपहार प्रदान गरिएको थियो ।

यसैगरी सो गणले सकलदर्जाका परिवार र अन्य पाहुनाहरुलाई आमन्त्रण गरी पाहुना खेल, बालखेल र अन्तरगुल्म तानडोरी प्रतियोगिता तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरी सेना दिवस मनाएको थियो । यसैक्रममा गणपति प्रमुख सेनानी श्री पुरुषोत्तम ढकालसहित गणका सकलदर्जाले विगत द्वन्द्वको समयमा वीरगति प्राप्त वीरसपूतहरुप्रति सलामीसहित माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गरेका थिए ।

## सूर्यकृर्ति स्तम्भ उद्घाटन

गत माघ १० गते भक्तपुर सूर्यविनायकस्थित सूर्यदल गणमा नवनिर्मित सूर्यकीर्ति स्तम्भको उपत्यका पृतनापति उपरथी श्री दमन बहादुर घलेले एक समारोहबीच उद्घाटन गर्नु भयो ।



सो अवसरमा उपरथी श्री घलेले गणले गरेको प्रशंसनीय कार्यहरु र स्थानीयस्तरमा गणले पुऱ्याएको सहयोग-समन्वय र गणले सञ्चालन गरेको तालिमहरुको समेत प्रसंसा गर्नुभई गणका सकलदर्जालाई उच्च हौसला र अनुशासितभई कार्य गर्न अभिप्रेरित गर्नु भएको थियो । ........बाँकी पृष्ठ ७ मा

## पृथ्वी नारायण शाहको सालिक नुवाकोट स्थानान्तरण

हनुमानढोका मुल चोकको कोठाभित्र रहेको स्व. श्री ५ बडामहाराजधिराज पृथ्वी नारायण शाह र



उहाँको दुई श्रीमती जेठी स्व ईन्द्रकुमारी शाह र कान्छी स्व.नरेन्द्र लक्ष्मी शाहका सालिकलाई माघ २६ गते नुवाकोट स्थानान्तरण गरिएको छ ।

सालिकलाई मुलचोकबाट ढुकुटी गेटसम्म लैजानको लागि शार्दुलजंग गुल्मका सैनिकहरुले सहयोग गरेका थिए । प्रत्येक सालिक १ हजार किलो तौलको रहेको सो गुल्मले जनाएको छ ।

यसअघि शार्दुल जंग गुल्मले न्युरोडको संकटा र टुडिखेलको महाकांल मन्दिर सरसफाई गरेको थियो । गुल्मबाट खटिएको एकटोलीले सो क्षेत्रहरुमा सरसफाई गर्नुका साथै त्यस इलाकामा हुने आगजनी तथा अन्य संकटमा समेत सहयोग उपलब्ध गर्ने गरेको गुल्मपति सेनानी श्री लालबहादुर भुजेलले जानकारी दिनु भएको छ ।

# धनगढीको सैनिक विद्यालयमा नयाँ विद्यार्थी भर्नाको सम्बन्धी सूचना

सैनिक आवासीय महाविद्यालय अब धनगढीको तेघरीमा पनि खुलेको छ। यसै शैक्षिक सत्रदेखि पढाई शुरु गरिने सो विद्यालयमा नयाँ विद्यार्थी भर्नाको लागि दरखास्त आव्हान गरिएको छ।

२०६८ साल बैशाखदेखि सञ्चालन हुने कक्षा ४ को नयाँ शैक्षिक सत्रमा भर्ना गराई पूर्णरुपमा अंग्रेजी माध्यमद्वारा अध्ययन/अध्यापन गराउन ईच्छुक नेपाली सेनाका सकलदर्जा बहालवाला, निवृत्तिभरणमा अवकास प्राप्त भू.पू सैनिक तथा गैरसैनिक व्यक्तिहरुका समेत छोरा/छोरीहरुको भर्नाको लागि दरखास्त आव्हान गरिएको छ।

महाविद्यालयमा भर्ना भई अध्ययन गर्ने छात्रहरु आवसीय रुपमा र छात्राहरु डेस्कलर (दैनिक आतेजाते) को रुपमा रहने गरी भर्ना लिईनेछ। दरखास्त फारम नियमानुसार शुल्क तिरी श्री नं ५ बाहिनी अड्डा, धनगढीस्थित महाविद्यालयबाट प्राप्त गर्न सकिनेछ।

**भर्नाको लागि आवश्यक न्यूनतम योग्यता**

क) नेपाल सरकारबाट मान्यताप्राप्त विद्यालयबाट कक्षा ३ को अर्धवार्षिक वा दोस्रो टर्मिनल परीक्षाको एग्रिगेटमा कम्तीमा ५० प्रतिशत अंक प्राप्त गरी सम्पूर्ण विषयहरुमा उत्तीर्ण भएको हुनुपर्नेछ।

ख) उमेरको हकमा २०६८ साल बैशाख १ गते ८ वर्ष पूरा भएको तर १० वर्ष ननाघेको हुनुपर्नेछ।

ग) भर्ना हुनको लागि महाविद्यालयबाट संचालन गरिने लिखित प्रवेश परीक्षामा सबै विषयमा अनिवार्य उत्तीर्ण भइ प्रतिस्पर्धामा छानिनु पर्ने र अन्तर्वार्ता एवं साधरण स्वास्थ्य परीक्षणमा समेत सफल हुनुपर्नेछ।

**पेश गर्नुपर्ने कागजातहरु:**

क) कक्षा ३ को अर्धवार्षिक परीक्षा वा दोस्रो टर्मिनल परीक्षाको लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि १ र विद्यार्थीको उमेर खुलेको चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि-१

ख) वहालवाला सैनिकका छोरा/छोरीको हकमा उमेरसमेत उल्लेख हुनेगरी निजको आफ्नै छोरा/छोरी हो भन्ने बारे सम्बन्धीत युनिटका पतिद्वारा प्रमाणित सक्कल प्रमाणपत्र -१

ग) भू.पू. सैनिकका छोरा/छोरीको हकमा निवृत्तिभरण अधिकार पत्रको प्रमाणित प्रतिलिपि -१ र उमेर समेत उल्लेख भएको स्थानीय निकायको नाता प्रमाणित सक्कल प्रमाणपत्र -१

घ) हालसालै खिचेको पासपोर्ट साइजको तस्वीर-२

महाविद्यालयको नियमानुसार एकपटकमा १ दम्पतीको सैनिक तथा महाविद्यालय स्टाफ समेतको केबल एक सन्तानले मात्र कुनै १ महाविद्यालमा सहुलियतमा अध्ययन गर्ने अवसर पाउने छन्। रित नपुगेका तथा आवश्यक कागजपत्र संलग्न नभएका दरखास्त फारम दर्ता हुने छैनन्।

नेपाली सेनामा कार्यरत रहँदा कर्तव्य निर्वाह गर्ने सिलसिलामा वीरगति प्राप्त गरेका वा नियममा सुविधा पाउने भनि उल्लेख गरेका सैनिक सकलदर्जाका छोरा/छोरीहरुलाई नियमानुसार भर्ना गरी अध्यापन गराउने व्यवस्था मिलाइएको छ।

धनगढीको टेघरीमा सञ्चालन हुने यस सैनिक महाविद्यालयमा भर्ना हुन चाहनेले नियमानुसार फारम दर्ता गर्न अनुरोध गरिएको छ।

दरखास्त फारम www.bsamv.edu.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। दरखास्त फाराम आउँदो चैत्र २३ गते बुधवार अपरान्ह ४ बजेसम्म बुझाईसक्नु पर्नेछ।

भर्ना सम्बन्धी विस्तृत जानकारीको लागि श्री नं ५ वाहिनी अड्डा टेघरी, धनगढीस्थित सैनिक आवासीय महाविद्यालयको टेलिफोन नं ०९१-५५०७४७ तथा श्री सैनिक आवासीय महाविद्यालय सल्लाघारी भक्तपुरको टेलिफोन नं ०१-६६१००५१ वा यही फागुन २४ गतेको कान्तिपुर राष्ट्रिय दैनिक हेर्नु हुन अनुरोध गरिएको छ।

# इन्ट तालिम शुभारम्भ

गत फागुन २ गते श्री सैनिक समाचार शिक्षालयमा सञ्चालन भएको सिं स. ११ अधिकृत आधारभूत ईण्ट तथा सुरक्षा तालिमको उक्त शिक्षालयका शिक्षाधिकृत प्रमुख सेनानी श्री विजय थापाले एक कार्यक्रममाबीच प्रथम प्रवचन गर्नुभई तालिमको शुभारम्भ गर्नुभएको छ । नेपाली सेनाको महत्वपूर्ण तालिमको रुपमा लिइएको यो तालिममा ३० जना शिक्षार्थीको सहभागिता रहेको छ।

## युनिट/सव-युनिटहरुलाई विशेष आव्हान

युनिटहरुले गरेको कल्याणकारी कार्य, सामाजिक/जनहित कार्य, उद्धार, राहत तथा सहयोग वितरण, प्राकृतिक प्रकोप उद्धार, वार्षिकोत्सव, जवान वर्ष, उद्घाटन, शिलान्यास, सेमिनार, सम्मेलन, आर्मीस्तरका तालिम, खेलकुद प्रतियोगिता, स्वास्थ्य शिविरलगायत अन्य विविध गतिविधि र त्यससँग सम्बन्धित तस्वीरहरु यस सिपाही पाक्षिक र रेडियो नेपालबाट प्रशारण हुने सैनिक कार्यक्रमको लागि आकर्षक सामग्री बन्न सक्छन्। यति मात्र हैन, युनिटहरुले गरेका रचनात्मक कार्यहरु अन्य युनिटहरुको लागि मार्गदर्शन र प्रेरणाको स्रोत पनि बन्न सक्छन्। त्यसैले, यदि युनिटसँग त्यस्ता प्रकाशन तथा प्रशारणयोग्य समाचार सामाग्री छन् भने यथासिघ्र श्री सैनिक जनसम्पर्क निर्देशनालयमार्फत् वा यस शाखाको निम्न ठेगानामा पठाउनु हुन अनुरोध गरिन्छ।

***यस्तैगरी, यस सिपाही पाक्षिकसँगै आफ्नै खर्चमा तपाईंको युनिटको अतिरिक्ताङ्क प्रकाशन गर्न चाहनुहुन्छ भने आफूले प्रकाशन गर्न चाहेको सामाग्रीहरु कान्तिपुर फन्टमा टाईप गरी फोटो समेत सी.डी. वा पेन ड्राईभमा राखेर यस शाखामा पठाउनु हुनको साथै विस्तृत जानकारीको लागि फोन नं. ४-२४१७३१ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।***

पत्राचारको लागि ठेगाना
श्री सैनिक जनसम्पर्क निर्देशनलाय, प्रचार प्रसार शाखा,जङ्गी अड्डा।
फोन नं. : ४२४१७३१, फ्याक्स नं. : ४२६९६२४
Email: dpr_radio@nepalarmy.mil.np
sipahipatrika@gmail.com

**प्राप्त समाचार समाग्रीको चापका कारण यस अङ्कमा केही नियमति स्तम्भहरुलाई स्थान दिन नसकिएकोले छुट भएका सबै स्तम्भहरू आउँदो अङ्कदेखि नियमित हुने जानकारी गराउँदछौं।**
**- सम्पादक**

# रणसिंहदल गणद्वारा सरसफाई

गत फागुन ५ गते श्री रणसिंहदल गणअन्तर्गत सुरक्षाबेश लामीडाडाबाट खट्टिएको टोलीले स्थानीय बासीन्दाहरुको सहभागितामा ललितपुर जिल्लाको झरुवारासी गा.वि.स. मा पर्ने सन्तानेश्वर मन्दिर परिसरको सरसफाइ गरेको छ।



स्थानीय वासिन्दाहरुको लागि आस्थाको केन्द्रका रुपमा रहेको सो सन्तानेश्वर मन्दिर फोहरमैला भई दुर्गन्धित भएपछि स्थानीय वासिन्दा तथा क्लवहरुले सरसफाई गरिदिन गरेको अनुरोधअनुसार सो गणले उक्त सरसफाइ गरेको थियो।

# श्री गरुडदल गणमा विभिन्न निर्माण कार्य सम्पन्न

श्री गरुडदल गणले आफ्नै स्रोत र साधनबाट अधिकृत पाहुना स्वागत कक्ष, बहुउपयोगी जवान भवन, प्रमुख सुवेदार आवास तथा गणको नम्बर १ गेटको निर्माण कार्य सम्पन्न गरेको छ।

पश्चिम पृतनाका पृतनापति उपरथी श्री नर बहादुर कर्णेलले "अधिकृत पाहुना स्वागत कक्ष" गत असोज २३ गते एक कार्यक्रमबीच उद्घाटन गनुभएको थियो।









उक्त पाहुना स्वागत कक्ष निमार्णको लागि ७,००,०००।- रुपया खर्च भएको जानाइएको छ। स्वागत कक्षमा टी.भी तथा विभिन्न किसिमका फर्निचरको व्यवस्था समेत गरिएको छ।

यसैगरी गणको आफ्नै स्रोतबाट निर्माण गरिएको बहुउपयोगी जवान भवनको श्री नं. २२ बाहिनीका बाहिनीपति सहायक रथी श्री बिजय बिक्रम खड्काले गत माघ २६ गते एक कार्यक्रमकाबीच उद्घाटन गर्नुभएको थियो। करिब ७ लाख रुपयाँको लगानीमा निर्मित उक्त भवनमा जवानका लागि भान्छा, स्टोर डाईनिङ्ग हल तथा लेक्चर हलको समेत व्यवस्था रहेको छ।

करिब १ लाख ५० हजार लागतमा निर्माण सम्पन्न प्रमुख सुवेदार आवास हाल प्रयोगमा ल्याइ सकेको उक्त गणले जनाइएको छ।

# बटुकदल गणका जवानहरुद्वारा रक्तदान

यही फागुन २५ गते इटहरी नगरपालिकाको प्राङ्गणमा बटुकदल गणका ३९ जना सैनिकहरुले रक्तदान गरेका छन्।

नेपाल नगरपालिका कर्मचारी एशोसियसनको चौथो केन्द्रीय अधिवेशनक्रममा आयोजित सो खुल्ला रक्तदान कार्यक्रम इटहरी नगरपालिका इकाई समितिले आयोजना गरेको थियो।



## सूर्यकृर्ति ......

साथै उहाँले गणद्वारा तालिम वर्ष १ र २ को उद्देश्य बमोजिम तालिमहरु सञ्चालन भएकोमा खुसीसमेत व्यक्त गर्नु भएको थियो ।

सोही क्रममा उहाँले गणद्वारा स्थानीय वासिन्दाहरुलाई दिइएको तेक्वाण्डो प्रशिक्षणको समापनसमेत गर्नु भएको थियो । सो स्तम्भ स्थानीय वासिन्दाहरुको लागिसमेत हुने गरी निर्माण गरिएको छ । उक्त गणले सूर्यनारायणको मन्दिर, व्यारेक हाताभित्र २५०० स्क्वायर फिट कालो पत्रे, धारा, मिनी घण्टाघर, सूर्यलोक प्रतिक्षालय, सूर्य मनोरञ्जन कक्ष, वीर शहिद स्मारक लगायत स्थानीय स्तरमा गरेका जनहित कार्यलाई समेत समेटेर गणले गरेका प्रशंसनीय कार्यहरुको अभिलेखको रुपमा यो सूर्यकीर्ति स्तम्भ निर्माण गरेको गणले जनाएको छ ।

स्तम्भ उद्घाटनका क्रममा उपत्यका पृतनापति उपरथी श्री दमन बहादुर घलेले २ वर्ष आई.टी.एफ. तेक्वान्दो तालिम लिएका ३२ जनालाई ब्ल्याक वेल्ट प्रदान गर्नु भएको थियो । यसअघि उक्त गणबाट १९ जनाले ब्ल्याक वेल्ट प्राप्त गरी त्रिभुवन आर्मी क्लबबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा समेत भागलिई सकेका छनभने हाल गणका ११ जना ब्ल्याक वेल्ट खेलाडीहरु त्रिभुवन आर्मी क्लबमा रहेका छन् । कार्यक्रममा तेक्वान्दो खेलाडीले खेल कौशल र गणमा सञ्चालन भएको पहिलो चरणको सामूहिक तालिममा सहभागी भएका जवानहरुले युद्धकला प्रर्दशन गरेका थिए ।

गणका गणपति प्र.से.श्री विनोद खड्काले विविध विषयमा जानकारी गराउनु भएको उक्त कार्यक्रममा भक्तपुर जिल्लाका सुरक्षा निकायहरुका प्रमुख, आई.टी.एफ तेक्वान्दो महासंघबाट प्रशिक्षकहरुको समेत उलेख्य उपस्थिति रहेको थियो ।

साथै उहाँले गणद्वारा तालिम वर्ष १ र २ को उद्देश्य बमोजिम तालिमहरु सञ्चालन भएकोमा खुसीसमेत व्यक्त गर्नु भएको थियो । सोही क्रममा उहाँले गणद्वारा स्थानीय वासिन्दाहरुलाई दिइएको तेक्वाण्डो प्रशिक्षणको समापनसमेत गर्नु भएको थियो । सो स्तम्भ स्थानीय वासिन्दाहरुको लागिसमेत हुने गरी निर्माण गरिएको छ । उक्त गणले सूर्यनारायणको मन्दिर, व्यारेक हाताभित्र २५०० स्क्वायर फिट कालो पत्रे, धारा, मिनी घण्टाघर, सूर्यलोक प्रतिक्षालय, सूर्य मनोरञ्जन कक्ष, वीर शहिद स्मारक लगायत स्थानीय स्तरमा गरेका जनहित कार्यलाई समेत समेटेर गणले गरेका प्रशंसनीय कार्यहरुको अभिलेखको रुपमा यो सूर्यकीर्ति स्तम्भ निर्माण गरेको गणले जनाएको छ ।

स्तम्भ उद्घाटनका क्रममा उपत्यका पृतनापति उपरथी श्री दमन बहादुर घलेले २ वर्ष आई.टी.एफ. तेक्वान्दो तालिम लिएका ३२ जनालाई ब्ल्याक वेल्ट प्रदान गर्नु भएको थियो । यसअघि उक्त गणबाट १९ जनाले ब्ल्याक वेल्ट प्राप्त गरी त्रिभुवन आर्मी क्लबबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा समेत भागलिई सकेका छनभने हाल गणका ११ जना ब्ल्याक वेल्ट खेलाडीहरु त्रिभुवन आर्मी क्लबमा रहेका छन् । कार्यक्रममा तेक्वान्दो खेलाडीले खेल कौशल र गणमा सञ्चालन भएको पहिलो चरणको सामूहिक तालिममा सहभागी भएका जवानहरुले युद्धकला प्रर्दशन गरेका थिए ।

गणका गणपति प्र.से.श्री विनोद खड्काले विविध विषयमा जानकारी गराउनु भएको उक्त कार्यक्रममा भक्तपुर जिल्लाका सुरक्षा निकायहरुका प्रमुख, आई.टी.एफ तेक्वान्दो महासंघबाट प्रशिक्षकहरुको समेत उलेख्य उपस्थिति रहेको थियो ।

# चन्दननाथ गणको सामाजिक कार्य

चन्दननाथ गणको सहयोगमा अर्घाखाचीको ठाडा गा.वि.स १ मा रहेको खानेपानी ट्याङ्की सरसफाईपछि सञ्चालनमा आएको छ ।



स्थानीय श्री ज्योति माध्यमिक विद्यालयका विद्यार्थी तथा स्थानीयवासीले पिउन प्रयोग गर्दै आएको सो खानेपानीको ट्याङ्की बर्षातको भेलले पुरिएर लामो सयमदेखि अवरुद्ध हुँदै आएको थियो ।

चन्दननाथ गण अन्तर्गतको रनमाई सुरक्षा वेशबाट यही फागुन १६ गते गएको एक टोलीले स्थानीयवासिन्दाको सहयोगमा ट्याङ्की उत्खनन गरी सरसफाई गरेपछि खानेपानी आपूर्ति पुन सञ्चालनमा आएको चन्दनाथ गणले जनाएको छ ।

राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा गत फागुन ७ गते श्री चन्दननाथ गणले अर्घाखाची जिल्लाको सदरमूकाम सन्धिखर्क बजारस्थित ऐतिहासिक महत्वको शान्ति बगौंचा तथा १०८ पञ्चायन मन्दिरको सरसफाई कार्य सम्पन्न गरेको छ ।

प्रहरी प्रशासन तथा विभिन्न सरकारी कार्यालयका प्रमुखहरु समेत सो सरसफाई कार्यमा उपस्थित भएका थिए । कार्यक्रमको समापनमा प्रमूख जिल्ला अधिकारी सम्भु प्रसाद मरासैनी र स्थानिय विकास अधिकारी श्री पुन्य बिक्रम पौडेलले नेपाली सेनाले सामाजिक कार्य तथा राष्ट्रिय पर्वहरुमा पुऱ्याएको योगदानको चर्चा गदै चन्दननाथ गण परिवारलाई धन्यबाद दिनुभएको थियो ।

# जनहित कार्यमा नेपाली सेना

**श्री नयाँ गोरख गणः**

पोखरास्थित श्री नयाँ गोरख गणले गत फागुन ६ गते फेवातालको सरसफाई गरेको छ । प्रजातन्त्र दिवसको अवसरमा पश्चिमाञ्चल होटल व्यवसायी संघ र फेवा डुंगा व्यावसायी संगठनको आयोजनामा सो गणबाट गएको टोलीले फेवातालमा रहेको जलकुम्भी झार झिकेर ताल सफा गरेको गणले जनाएको छ ।

**श्री रिपुमर्दन गणः**

जाडो मौसमको अन्त्यसँगै तराईमा तैनाथ रहेका सैनिक युनिटहरुमा सर्पले टोकेका बिरामीहरु उपचारका लागि आउने क्रम बाक्लिन थालेका छन् ।

यसैक्रममा सर्लाहीमा तैनाथ रहेको श्री रिपुमर्दन गणले गत माघ महिनामा ४ जना स्थानीय वासिन्दाको सफल सर्पदंश उपचार गरेको सो गणले जनाएको छ ।

# बरख गणको २२८ औं वार्षिकोत्सव सम्पन्न

गत माघ १२ गते श्री बरख गणले आफ्नो स्थापनाको २२८ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी हर्षोल्लासका साथ मनाएको छ ।

वार्षिकोत्सवको उपलक्ष्यमा प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गको प्रमुख आतिथ्यमा गत माघ २८ गते सो गणले विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो । प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरूङ्ग उक्त गणको कर्णेल कमाण्डान्ट पनि हुनुहुन्छ ।



सोही अवसरमा सैनिक श्रीमती संघकी अध्यक्ष श्रीमती कमला गुरुङ्ग, मध्य पृतनापति उपरथी श्री पवन बहादुर पाण्डे लगायत अन्य रथीवृन्द, गणका पूर्व गणपति, पर्सा जिल्लाका विभिन्न सरकारी कार्यालय प्रमुख लगायत स्थानीय बुद्धिजिवी तथा समाजसेवीहरुको समेत उपस्थिति रहेको थियो ।

यसअघि गत माघ १२ गते श्री नं. ७ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी श्री आमोद नरसिंह राणाले वार्षिकोत्सवको अवसरमा अयोजित विभिन्न खेल विधाका विजयी खेलाडी तथा गुल्मलाई शिल्ड, पुरस्कार तथा झण्डा प्रदान गर्नुभएको थियोभने गणका गणपति प्र.से श्री कृष्णराज आचार्यले विधिवत निशान पूजाअर्चना गरी भण्डोत्तोलन समेत गर्नु भएको थियो ।

# विष्णुदल गणको निरीक्षण

पाँचथरमा तैनाथ रहेको विष्णुदल गणमा सञ्चालित पहिलो चरणको सामूहिक तालिमको गत फागुन २० गते नं. २१ वाहिनीपति सहायक रथी श्री राज राणाले निरीक्षण गर्नुभयो ।



भारपा गाविस-२ जोरपोखरी इलाकामा सञ्चालन भएको सो तालिमको निरीक्षणका क्रममा उहाँले डिफेन्स, तालिम संचालन पद्धति, बन्दोबस्ती, अपरेशनल ब्रिफिङ्ग तथा सामुहिक तालिमबाट तयार गरिएको बिभिन्न अभ्यासहरुको डेमोसमेत निरिक्षण गर्नुभई तालिममा सहभागी सकलदर्जालाई सम्बोधन गर्नुभएको थियो । सोही दिन उहाँले सुरक्षा बेश जोरपोखरीको समेत निरीक्षण गर्नु भएको थियो । यसैक्रममा बाहिनीपति श्री राणाले फागुन २१ गते गण हे.क्वा. को निरीक्षण गर्नुभई वीरस्मारकमा माल्यार्पण र क्वाटर गार्ड निरीक्षण गर्नुभएको थियो । सोक्रममा बाहिनीपतिले सकलदर्जालाई सम्बोधन गर्नुभई वर्तमान परिस्थिति, अनुशासन र सैनिकका पेशागत जिम्मेवारीहरुका विषयमा सकलदर्जालाई निर्देशन दिनु भएको थियो । सोही अवसर उहाँले जिल्लाका सुरक्षा समितिका पदाधिकारीहरुसँग समेत छलफल गर्नु भएको विष्णुदल गणले जनाएको छ ।

# सामूहिक तालिमको निरीक्षण

तालिम वर्ष २०६७ को गत माघ २९ गते श्री पश्चिम पृतनाअन्तर्गत श्री नं. ३ र २३ बाहिनी अर्न्तगतका सबै युनिटहरुमा सञ्चालन भएको पहिलो चरणको सामूहिक तालिमको पृतनापति उपरथी श्री नर बहादुर कंडेलले र चिफ अफ स्टाफ सहायक रथी श्री विकास विक्रम शाहले श्री नं. २२ बाहिनी अन्तर्गतका सबै युनिटहरुमा सञ्चालन भएको सामूहिक तालिमको निरीक्षण गर्नुभएको छ ।

निरिक्षणको क्रममा पृतनापति उपरथी श्री नर बहादुर कंडेलले श्री नं.२३ बाहिनी अया अन्तर्गत पर्वतस्थित श्री नयाँ भैरबीदल गुल्मले प्रदर्शन गरेको रिभर क्रसिङ्गको डेमोको प्रशंसा गर्नु भएको थियो । साथै उहाँले डेमो सहितको अभ्यासले सकल दर्जामा आत्मविश्वास बढ्ने र सिकेको कुराको दिर्घकालीनरुपमा प्रभाव रही रहने हुँदा तालिमलाई पेशागत गराई एकरुपता ल्याउन निर्देशन समेत दिर्नुभयो ।

# सार्वजनिकस्थल रंगरोगन

कालीबक्स गण (इ) ले धरान-१४ विजयपुरस्थित पार्कको पोखरी, मूर्ति तथा रेलिङ्गहरुमा रङ्गरोगन लगाउने कार्य सम्पन्न गरेको छ । पर्यटन वर्ष २०११ लाई दृष्टिगत गरी धरान नगरपालिकाको संयोजकत्वमा भएको सो रङ्गरोगन कार्यमा कालीबक्स गण (ई) बाट २० जना सकलदर्जा सहभागी भएका थिए ।

# नारायण क्लवको उद्घाटन

सिंहदरवारस्थित श्री नारायण दल गणमा नवनिर्मित नारायण क्लबको गत फागुन १६ गते





उपत्यका पृतनापति उपरथी श्री दमन बहादुर घलेले एक कार्यक्रमकाबीच उद्घाटन गर्नुभयो । गणका सकलदर्जा र सदस्य तथा परिवारलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले निर्माण गरिएको उक्त क्लबमा मल्टि जिम, स्नुकर, साईवर, साउना, पुस्तकालय, टेबुल टेनिस, डार्टरुम, रिडिङ रुम, र सैलुनको सुविधा रहेको उक्त गणले जनाएको छ ।

# निरीक्षण

गत माघ २० र २१ गते श्री सैनिक स्वास्थ्य महानिर्देशक प्राविधिक उपरथी डा. श्री गम्भीरलाल राजभण्डारीले बैरेनीस्थित नं. ६ फिल्ड एम्वुलेन्स गुल्म र सुपारेटारस्थित नं. ७ फिल्ड एम्बुलेन्स गुल्मको निरीक्षण गर्नुभयो । यसक्रममा उहाँले फिल्ड एम्बुलेन्स गुल्महरुको समस्या, उपचारका लागि





उपलब्ध भौतिक तथा यान्त्रिक स्रोत साधनलगायत प्राविधिक जनशक्तिका बारेमा जानकारी लिनु भएको थियो । सोही क्रममा उहाँले फिल्ड एम्बुलेन्स गुल्मको उपचार कक्षमा भर्नाभई उपचाररत विरामीहरुसँग स्वास्थ्य समस्याका बारेमा जिज्ञसा राख्नु भएको थियोभने गुल्मका सकलदर्जालाई सम्बोधन गर्नुभई उनीहरुका समस्या र सुझावहरुका बारेमा जानकारी लिनु भएको थियो ।

**सेना दिवस २०६७ को उपलक्ष्यमा जङ्गी अड्डामा आयोजित विविध सांस्कृतिक कार्यक्रममा ब्यण्ड प्रमुख प्रा. प्रमुख सेनानी श्री अमुल कार्कीढलीको संयोजन र नेतृत्वमा विभिन्न नेपाली तथा अंग्रेजी अजम्बरी गीतका संगीतहरू प्रस्तुत गर्दै सैनिक ब्याण्ड ।**



# जनहित कार्यमा नेपाली सेना

**श्री चन्दननाथ गणः**

सन्धिखर्क खानेपानी आयोजनाको संयोजकत्वमा गत माघ २९ गते श्री चन्दननाथ गणबाट खट्टिएको ६० जनाको टोलीले अर्घाखाँची जिल्ला सदरमुकाम सन्धिखर्क र चुत्रावेशी बजारकोबीचमा पर्ने वाँगे खोलाको ३ की.मी.क्षेत्र सरसफाई गरेको छ । नेपाली सेनाले गरेको सो जनहित कार्यको स्थानीय वासिन्दा तथा उपभोक्ताहरुले प्रशंसा गरेका छन् ।



**श्री रणसिंह दल गणः**

ललितपुर गा.वि.स वडा नं.८ खड्का टोल नजिकै रहेको सामुदायिक वनमा गत माघ २७ गते भएको आगलागी श्री रणसिंह दलबाट गएको एक अग्नि नियन्त्रण टोलीले स्थानीय वासिन्दा तथा नेपाल प्रहरीसँग सहकार्य गरी आगो नियन्त्रणमा लिइ थप वन विनास हुनबाट जोगाएको छ।



आगलागी भएको थाहा पाउने बित्तिकै अग्नि नियन्त्रण टोली घटनास्थल पुगी आगो नियन्त्रणमा लिन सफल भएकोले कुनैपनि भौतिक तथा मानवीय क्षति हुनबाट जोगिएको छ ।

यसैगरी उक्त गणको लामिडाँडा सुरक्षा वेशबाट गएको एक टोलीले स्थानीयवासिन्दा तथा प्रशासनको सहयोगमा तिलेश्वर महादेव र सरस्वती ज्ञानकुण्ड मन्दिरमा सरसफाई कार्य सम्पन्न गरेको छ । गत माघ २२ गते सरस्वती पूजाको अवसर पारेर दर्शनार्थीलाई सहयोग पुऱ्याउने हेतुले सो सरसफाई कार्य सम्पन्न गरेको गणले जनाएको छ ।

# सेफ ड्राईभिङ्ग अवार्ड प्रदान

महाशिवरात्री तथा सेना दिवसको अवसरमा आपूर्ति तथा परिवहन गणले 'सेफ ड्राईभिङ्ग अवार्ड' प्रदान गरेको छ । गत फागुन २३ गते प्रवन्धरथी उपरथी श्री डम्बर सिंह गुरुङ्गले गणका १३ जना दक्ष चालकहरुलाई सो अवार्ड प्रदान गर्नु भएको थियो ।

उपत्यका भित्र र वाहिर बढ्दो चापमा समेत आफ्नो जिम्मेवारीलाई आत्मसात गरी जोखिमपूर्ण कार्यमा संलग्न रहेका जवानहरुलाई आफ्नो पेशाप्रति समर्पित गराउन यो अवार्ड प्रदान गरिन्छ । गणबाट वर्षभरि कुनैपनि दुर्घटना नघटाई सवारी चलाउने, सवारी साधनको सरसफाई, मर्मत हिफाजत गर्ने, अनुशासित सवारी चालकलाई २०६४ सालदेखि यो अवार्ड वितरण गर्न शुरु गरिएको हो ।



अवार्ड वितरणपछि पुरस्कृत जवानहरूसँग प्रवन्धरथी उपरथी श्री डम्बर सिंह गुरुङ्ग

यसैबीच सोही अवार्ड वितरण कार्यक्रमसँगै विगत द्वन्द्वको समयमा कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त सैनिकका श्रीमतीहरुलाईसमेत दोसल्ला ओढाई नगद पुरस्कारसहित सम्मान गरिएको छ ।

सो सम्मान कार्यक्रमपछि प्रमुख अतिथि प्रवन्धरथी उपरथी श्री डम्बरसिंह गुरुङ्गले गणको रिक्त दरवन्दीमा पदोन्नति हुनु भएका पदिक तथा विल्लादारहरुलाई दर्ज्यानी चिन्ह लगाई दिनु भएको थियो ।

यसअघि अवार्ड वितरण तथा सम्मान कार्यक्रममा गणपति प्रमुख सेनानी श्री संजय थापा मगरले मन्तव्य दिनुभएको सो गणले जनाएको छ ।

# कंगोको विकास निर्माणमा नेपाली शान्ति सैनिक

संयुक्त राष्ट्र संघको आव्हानमा कंगोमा तैनाथ रहेको श्री श्रीनाथ गण १४ औ डफ्फाले कंगोको मुलकेरा कम्युने भन्ने स्थानमा पुल निर्माणको लागि आवश्यक सामग्री उपलब्ध गराएको छ ।

गत फागुन १३ गते एक कार्यक्रमको आयोजना गरी कण्टिन्जेण्ट कमाण्डर गणपति श्री जितेन्द्र जंग कार्कीले सो सामग्रीहरु मुलकेरा कम्प्युनेका प्रमुख स्याल्भेन लुम्बुलुम्बुलाई हस्तान्तरण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा बोल्नुहुँदै गणपति श्री कार्कीले पुल निर्माणका लागि दक्ष जनशक्तिको आवश्यकता





परेमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । सोही क्रममा उहाँले कंगोको विकास निर्माण कार्यमासमेत सहयोग गर्न नेपाली शान्ति सैनिकले सदैव तयार रहेको बताउनु भएको थियो । सो सामग्री हस्तान्तरण कार्यक्रममा बोल्नु हुँदै कम्यूने प्रमूखले नेपाली शान्ति सैनिकहरुले गरेको सहयोगको प्रशंसा गर्नु भएको थियो ।

नेपाली शान्ति सैनिकहरुको सहयोगपछि कालिन्दा भन्ने स्थानमा पुल निर्माण गरिनेछ । सो पुल निर्माण भएपछि कंगोको कालिंन्दा क्वाटर र नगोमहोलियो क्वाटर भन्ने क्षेत्रमा बस्ने करीव ९ हजार मानिसहरु प्रत्यक्षरुपमा लाभान्वित हुने श्रीनाथ गण शान्ति सेना १४ औ डफ्फाले जनाएको छ । सो निर्माण सामग्री हस्तान्तरण कार्यक्रममा कंगोका स्थानीय वासिन्दाको उल्लेख्य उपस्थिति रहेको थियो ।





भोकेशनल ट्रेनिङ्ग सेन्टर





नेपाली शान्ति सैनिकले शान्ति सुरक्षालगायत संयुक्त राष्ट्र संघले दिएको नियमित जिम्मेवारीसहित आफू तैनाथ रहेको स्थानको विकास निर्माण कार्यमा सहयोग गर्ने गरेको छ । यस भन्दाअघि पनि गत माघ ४ गते नेपाली शान्ति सैनिकहरुले कंगोका बासिन्दाहरुको लागि आफ्नै गण हाताभित्र भोकेशनल ट्रेनिङ्ग सेन्टरको पुर्ननिर्माण कार्य सम्पन्न गरेको थियो । हाल सो ट्रेनिङ्ग सेन्टरमा २०० जना स्थानीय छात्रछात्राहरुले अंग्रेजी भाषा र कम्प्युटरको तालिम लिइरहेका छन् ।

नेपब्याटले उक्त तालिम केन्द्रलाई सफलतापूर्वक सञ्चालन गर्नको लागि त्यहाँका स्थानीय जनताको सहयोगमा १५ जना स्थानीय सदस्यहरुको कमिटी गठन गरिसकेको छभने विशेषगरि अंग्रेजी भाषा र कम्प्युटरको ज्ञान दिने उद्देश्यले स्थापित सो ट्रेनिङ्ग सेन्टरमा भविष्यमा सिलाई बुनाई, भेहिकल मेन्टिनेन्स र कार्पेन्टरिङ्ग ट्रेनिङ्ग दिने लक्ष्य रहेको छ । साथै त्यहाँस्थित स्थानीय जनताहरुलाई सु-सुचित तथा सहयोग गर्ने उद्देश्यले गण हाताभित्रै सो ट्रेनिङ्ग सेन्टरको पुर्ननिर्माण गरेको गणले जनाएको छ ।

**मुद्रण** : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृष्य महाशाखा, छापाखाना शाखा **कलर स्क्यानिङ्ग** : डिजीटेक, पुल्चोक **सम्पादन सहयोगी** : प्रा.सु. विनोद अधिकारी **ले-आउटः** प्रा.जम. शोभा विष्ट/प्रा.हु.कृष्ण सिंह बोहरा